म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- २४० २०८१ साउन ८ गते मंगलबार 23 July 2024, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

**डेंगीबाट बचौं र बचाऔं**

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बागमतीमा कांग्रेस र एमालेबीच मन्त्रालय भागवण्डा मिलाउन सकस

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशमा नयाँ सरकार गठनको तयारी गरेका कांग्रेस र एमालेबीच मन्त्रालयको भागवण्डा मिल्न सकेको छैन । सोमबार प्रदेशको मुख्यमन्त्रीमा कांग्रेसको बहादुर सिं लामाले दावी गर्ने तयारी गरेका २ दल बीच १३ मन्त्रालयको भागवण्डा मिलाउन सकस परेको हो । आफ्नो माग दावीसहित कांग्रेस र एमालेले प्रदेशको १३ मन्त्रालयको वितरणमा किचलो भएको हो । मन्त्रालयको भागवण्डा लगाउन विभिन्न चरणमा बसेको कार्यदलको छलफलले मन्त्रालयको वितरण टुंग्याउन नसकेको हो ।

१३ मन्त्रालय रहेको बागमती प्रदेशमा मन्त्रालय भागवण्डाका विषयमा सहमति गर्न आइतबार राती अबेरसम्म एमाले र कांग्रेसका संसदीय दलका नेता क्रमशः जगन्नाथ थपलिया र बहादुर सिं लामा बीच एक्ला एक्लै छलफल भएको थियो । दुबै दलको आ-आफ्नै दावीका कारण उनीहरु बीचको सहमति जुट्न नसकेको कांग्रेसका एक सदस्यले बताउनुभएको छ । उहाँका अनुसार एमालेले मुख्यमन्त्रीसहित कांग्रेसलाई ६ र एमालेलाई ७ मन्त्रालय भाग लगाउने प्रस्ताव माथि छलफल भएको थियो । एमालेको तर्फबाट आएको उक्त प्रस्ताव कांग्रेस नेता लामाले अस्वीकार गर्नुभएको उहाँले जानकारी दिनुभयो ।

उहाँका अनुसार कांग्रेस संसदीय दलका नेता लामाले प्रदेश सभाको ठुलो दल भएकाले अंक गणितीय रुपमा आफूले मुख्यमन्त्रीसहित ७ र एमालेले ५ मन्त्रालय लिनु पर्ने प्रस्ताव गर्नुभएको थियो । सो प्रस्तावमा एमाले नेता थपलिया सहमत हुन नसकेपछि छलफल बिना निश्कर्ष टुंगिएको उहाँको भनाई छ । उक्त छलफलमा प्रदेशको १३ मध्ये एउटा मन्त्रालय घटाएर १२ कायम गर्ने र ६/६ वटा भाग लगाउने प्रस्ताव समेत गरेको स्रोतले जनाएको छ । तर, सो प्रस्तावमा पनि सहमति हुन नसकेको स्रोतको भनाई छ ।

एमाले बागमती प्रदेश संसदीय दलका प्रमुख सचेतक मधुसुदन पौडेलले मन्त्रालय भागवण्डा मिली नसकेकाले केन्द्रमा नै छलफल गरी पठाउने तयारी भएको बताउनुभयो । सोमबार दिनभरीमा टुंग्याउन नसकेको खण्डमा केन्द्रमा नै छलफल गरेर भागवण्डा टुंगिने उहाँले दावी गर्नुभयो । उहाँले कांग्रेसका तर्फबाट मुख्यमन्त्रीसहित बढी मन्त्रालयको प्रस्तावका कारण सहमति हुन नसकेको बताउनुभयो । कांग्रेस केन्द्रीय सदस्य एवम् प्रदेश सभा सदस्य कुन्दनराज काफ्लेका अनुसार सोमबारसम्म प्रदेशमा नै सहमति हुन नसके केन्द्रीय तहबाट मन्त्रालयको भागवण्डा हुनेछ ।

## कुन मन्त्रालयमा मिलेन कुरा ?

२ दल बीचको मन्त्रालयको संख्यासँगै मन्त्रालयको भारमा पनि कुरा मिल्न सकेको छैन । छलफलका क्रममा १३ मन्त्रालय मध्ये यसअघि एमालेले सम्हालै आएको ५ मन्त्रालय लिन र माओवादी केन्द्रसहित अन्य दलले लिएका मन्त्रालय कांग्रेसले लिने प्रस्ताव गरेको थियो ।

एमालेले यसअघि लिएको आर्थिक मामिला तथा योजना मन्त्रालय, खानेपानी उर्जा तथा सिंचाई मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य मन्त्रालय र उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालय लिने प्रस्ताव थियो भने कांग्रेसले मुख्यमन्त्रीसहित माओवादी केन्द्रले लिएको ४ मन्त्रालय आन्तरिक मामिला तथा कानुन मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, सामाजिक विकास मन्त्रालय, संस्कृति पर्यटन तथा सहकारी मन्त्रालय, श्रम रोजगार तथा यातायात मन्त्रालय, कृषि पशुपन्छी विकास मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालय लिने प्रस्ताव गरिएको थियो ।

एमालेले आफूले लिएको ५ र कांग्रेसले माओवादी केन्द्रले सम्हालेको मुख्यमन्त्रीसहित ४ र संस्कृति पर्यटन तथा सहकारी मन्त्रालय दिन सकारात्मक भएको थियो । तर, एमालेले मन्त्रालयको भार सन्तुलन नहुने र थप मन्त्रालय दिनु पर्ने माग गरेको थियो । यसअघि एकीकृत समाजवादीले लिएको ३ मन्त्रालयको विषयमा एमालेले मागदावी गरेको थियो । सो विषयमा श्रम रोजगार तथा यातायात मन्त्रालय कांग्रेसलाई दिन एमाले सकारात्मक भयो । तर, युवा तथा खेलकुद मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालय आफूले पाउनुपर्ने एमालेले माग पछि सहमति भाँडिएको थियो । सो विषयमा कांग्रेसले युवा तथा खेलकुद मन्त्रालय एमालेलाई दिने र कृषि तथा पशुपन्छी मन्त्रालय आफूले राख्ने अडान लिएपछि सहमति हुन सकेको थिएन ।

सहमति बन्न नसकेपछि भौतिक पूर्वाधार विकास मन्त्रालय विभाजनको प्रस्ताव आएपछि कांग्रेस त्यसमा सकारात्मक नदेखिएपछि छलफल स्थगित भएको थियो । प्रदेश सरकारबाट आइतबार मुख्यमन्त्री शालिकराम जम्कट्टेलले पदबाट राजिनामा दिनुभएपछि साउन ८ गते साँझ ५ बजे भित्र सरकार गठनका लागि संविधानको धारा १६८ को २ अनुसार दावी पेश गर्न प्रदेश प्रमुख यादव चन्द्र शर्माले आव्हान गर्नु भएको छ । सो आव्हान अनुसार एमालेका २७ र कांग्रेसका ३७ सहित ६४ प्रदेश सभा सदस्यको समर्थनमा कांग्रेसका नेता लामाले आज मंगलबारविहान मुख्यमन्त्रीमा दावी पेश गर्ने तयारी भइरहेको छ ।

# थानाभऱ्याङमा सुरक्षित आवासगृह उद्घाटन



*सुरक्षित आवासगृहको उद्घाटन गर्नुहुँदै मन्त्री कुमारी मोक्तान ।*

समाज संवाददाता

हेटौंडाः हिंसा पीडित महिला तथा बालबालिकाको आपत्कालिन संरक्षणका लागि हेटौंडा-११, थानाभऱ्याङमा निर्माण गरिएको सुरक्षित आवासगृह (सेफ हाउस) को उद्घाटन गरिएको छ । शुक्रबार एक कार्यक्रमबीच बागमती प्रदेशको सामाजिक विकासमन्त्री कुमारी मोक्तानले सुरक्षित आवासगृहको उद्घाटन गर्नु भएको हो ।

६५ लाख रुपैयाँ लागतमा आवासगृह तयार भएको हो । आवासगृह निर्माणका लागि सामाजिक विकास मन्त्रालयले ६५ लाख बजेट उपलब्ध गराएको थियो भने हेटौंडा उपमहानगरपालिकाले पर्खाल निर्माणका लागि १० लाख रुपैयाँ बजेट उपलब्ध गराएको थियो । उपभोक्ता समितिमार्फत निर्माण गरिएको दुई तल्लाको आवासगृहमा ५ वटा कोठा छन् । सुरक्षित आवासगृहमा बढीमा १२ जनालाई राख्न सक्ने क्षमता रहेको सामुदायिक सेवा केन्द्रका अध्यक्ष तथा भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष देवकुमार श्रेष्ठले जानकारी दिनुभएको छ ।

अहिले सुरक्षित आवासगृहमा २ जना महिलाहरु आश्रित छन् । सामाजिक विकास मन्त्रालयको आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको समन्वयमा भवन उद्घाटन कार्यक्रम भएको हो । कार्यक्रममा सामाजिक विकास मन्त्रालयका सचिव बद्रीनाथ गैरेको सभाध्यक्षता र सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा वडा अध्यक्ष जुना दाहाल, हेटौंडा उपमहानगर पालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक महाशाखाकी प्रमुख विष्णुकुमारी लामिछानेको पनि उपस्थिति रहेको थियो ।

## सरकार गठन अघि नै कांग्रेस एमालेमा मन्त्री बन्नेको लर्को

# मन्त्री बन्न दौडँदा मुख्यमन्त्रीको दावी नै रोकियो

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशमा एमाले कांग्रेस गठबन्धनको सरकार गठनको चरणमा रहेको छ । दुई ठुला शक्ति एमाले र कांग्रेस बीच सत्ता साझेदारीबाट कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता बहादुर सिं लामा मुख्यमन्त्री बन्ने निश्चित भएको छ ।

एमालेका २७ र कांग्रेसका ३७ गरी ६४ प्रदेश सभा सदस्यको समर्थनमा लामाले मुख्यमन्त्री पदमा दावी पेश गर्ने तयारी रहेको छ । आइतबार सत्ता समीकरण अनुकुल नबनेपछि प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले पदबाट राजिना दिनुभयो । जम्कट्टेलको राजिनामापछि नेता लामा मुख्यमन्त्री बन्ने बाटो खुलेको हो । मुख्यमन्त्री जम्कट्टेलको राजिनामा पछि प्रदेश प्रमुख यादवचन्द्र शर्माले संविधानको धारा १६८ को (२) अनुसार दावी गर्न साउन ८ गते साँझ ५ बजेसम्म दावी पेश गर्न आव्हान गर्नुभएको छ । सोही अनुसार नेता लामाले सरकारमा दावी पेश गर्ने तयारी गरेका हुन् ।

सरकार गठनको तयारी थाले लगत्तै कांग्रेस एमालेमा मन्त्री बन्नेहरुको लर्को छ । सरकार गठन नहुँदै मन्त्री पद सुरक्षित गर्न प्रदेश सभा सदस्यहरु तीव्र दौडधुपमा छन् । दुवै दलका प्रदेश सभा सदस्यहरु मन्त्री बन्ने लविङका लागि काठमाडौं बसेर नेताहरुसँग भेटमा केन्द्रीत भएका छन् । प्रदेशको १३ मन्त्रालय मध्ये कुन दलले कुन मन्त्रालयमा भाग लिने सहमति बन्न नसकिरहेको अवस्थामा प्रदेश सभा सदस्यहरु भने मन्त्रीको लविङमा जुटेका हुन् । मन्त्री बन्ने लविङमा प्रदेश सभा सदस्यहरु लाग्दा मुख्यमन्त्रीमा लामाको दवी गर्ने कार्यक्रम नै रोकिन पुग्यो ।

कांग्रेस र एमालेबीच मन्त्रालय भागबण्डा नमिल्दा सोमबार बहादुर सिं लामाको मुख्यमन्त्रीमा दावी रोकिएको हो । नेता लामाले सोमबार बिहान १० बजे प्रदेश प्रमुख कार्यालयमा सरकार गठनका लागि दावी पेश गर्ने तयारी भए पनि मन्त्रालय भागबण्डामा सहमति हुन नसक्दा रोकिएको थियो । भगबण्डा र मन्त्रीको लविङका कारण एमालेका प्रदेश सभा सदस्यहरु काठमाडौं हानिँदा मुख्यमन्त्रीमा लामाको दावी कार्यक्रम रोकिएको हो । मन्त्री बन्न एमाले संसदीय दलका नेता जगन्नाथ थपलिया समेत काठमाडौं पुग्नुभयो । एमाले वृत्तमा दलको नेता मन्त्री बन्न नहुने बहस चुलिरहेको अवस्थामा थपलिया भने मन्त्री बन्ने लविङमा रहेको एमालेका एक सदस्यले बताए ।

२ पटक सरकार परिवर्तन हुँदा मन्त्री बनेका दलको नेता पुनः मन्त्री नबनी अरु सदस्यलाई पालो दिनु पर्ने एमाले सांसदहरुको तर्क रहेको छ । सोही अनुसार प्रदेश सभा सदस्यहरु पार्टीको केन्द्रमा रिपोर्टिङका लागि पुगेपछि नेता थपलिया मुख्यमन्त्रीमा लामाको माग दावी कार्यक्रम नै छोडेर काठमाडौं पुगेको उहाँले बताउनुभयो । यता एमाले कांग्रेस बीच मन्त्रालयको संख्याका विषयमा सहमति हुन सकेको छैन । एमालेले मुख्यमन्त्री बाहेक ६/६ मन्त्रालय भागबण्डा हुनु पर्ने माग गरेको छ भने कांग्रेसले ठूलो दलको हैसियतले ७ वटा मन्त्रालय माग गरेको छ । कांग्रेसले ५ वटा मन्त्रालय एमालेलाई दिने गरी छलफल गरिरहेकाले सहमति हुन सकको छैन ।

यता कांग्रेस एमालेमा मन्त्री बन्नेको लर्को छ । मन्त्रीका लागि कांग्रेसमा भन्दा पनि एमालेमा बढी प्रतिस्पर्धा देखिएको छ । मन्त्रीका लागि एमालेका दलको नेतादेखि प्रमुख सचेतक र प्रदेश सभा सदस्यहरुले लविङ गरिरहेका छन् । एमालेले नयाँ सरकारमा मन्त्री नदोहोऱ्याउने तयारी गरेपछि दलको नेतादेखि २ पटक मन्त्री बनेकाहरु अप्ठेरोमा परेका छन् । सोही अनुसार तेस्रो पटक आर्थिक मामिला तथा योजना मन्त्री बन्ने लविङमा रहेका नेता थपलिया सकसमा परेको र काठमाडौं जानुभएको हो भने प्रमुख सचेतक मधुसुदन पौडेल पनि मन्त्रीको लविङका लागि काठमाडौं केन्द्रीत बन्नुभएको छ । २ पटकमा मन्त्री बन्ने अवसर नपाउनुभएको उहाँ यसपटक भने मन्त्री बन्ने अभिलाशासहित केन्द्रमा बसिर हनुभएको बुझिएको छ ।

एमालेबाट यसअघि मन्त्री बनिसक्नुभएका केशव प्रसाद पोखरेल, प्रकाश श्रेष्ठ, रामेश्वर श्रेष्ठसहित प्रदेश सभा सदस्यहरु डा. दिनेशचन्द्र देवकोटा, भरत केसी, अमन मास्के, किरण थापा, ज्ञान बहादुर तामाङ र भारती पाठकको नाम चर्चामा छ । उता कांग्रेसबाट पनि नयाँलाई अवसर दिने तयारी भइरहँदा केही प्रदेश सभा सदस्यहरु दवावमा परेका छन् । कांग्रेसबाट संसदीय दलका उपनेता रामकृष्ण चित्रकार, मसिना खड्का र तीर्थबहादुर लामाले मन्त्री बन्ने अपेक्षा गरेका छन् । तर, यसअघि नै मन्त्री बनेका उनीहरुको सम्भावना अत्यन्त कम रहेको छ । यद्यपी नेता लामा भने आफूलाई सुरक्षित र शक्तिशाली बन्न उपनेता चित्रकार र लामालाई मन्त्री बनाउने पक्षमा रहनुभएको बुझिएको छ ।

काँग्रेसबाट कुन्दनराज काफ्ले, श्याम बहादुर खड्का मन्त्रीको सशक्त पात्र हुन् । नेता कृष्ण प्रसाद सिटौलाका विश्वास पात्र काफ्ले मन्त्री बन्ने पात्रको पहिलो नम्बरमा हुनुहुन्छ भने पार्टी प्रवक्ता प्रकाश शरण महत निकट खड्का पनि सशक्त पात्र मानिनुहुन्छ । दुवैजनाको मन्त्री पद सुरक्षित रहेको कांग्रेस भित्र चर्चा रहेको छ । सभापति शेर बहादुर देउवाको कोटाबाट प्रदेश सभा सदस्य विमल ठकुरी मन्त्री बन्ने चर्चा छ भने कांग्रेस प्रदेश सभापति इन्द्रबहादुर बानियाँले मुख्यमन्त्री नपाउनुभएपछि मीनकृष्ण महर्जनलाई मन्त्री बनाउने कसरतान हुनुहुन्छ ।

त्यस्तै सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना'को विश्वासपात्र समिता खड्की मन्त्रीको बन्ने चर्चा छ भने हरिप्रभा खड्की, सुना परियार, उर्मिला नेपाल र विनु रायमाझी मन्त्रीको लिस्टमा छन् । हरिप्रभा नेता प्रकाशमानको कोटाबाट मन्त्रीको लिष्टमा पर्नुभएको हो । केन्द्रमा नेता सिंह उपप्रधानसहित शहरी विकास मन्त्री बन्नुभएका कारण हरिप्रभाको मन्त्री पद त्यति सुरक्षित देखिँदैन । प्रकाश शरण महतको कोटामा रहनुभएकी उर्मिला नेपाल पनि मन्त्रीको चर्चामा हुनुहुन्छ । तर, महतको कोटामा प्रदेश सभा सदस्य खड्का बलियो पात्रको रुपमा रहेकाले नेपाल मन्त्री बन्न कठिन हुने देखिन्छ ।

केन्द्र सरकारमा दलित समुदायको प्रतिनिधित्व नभएको भन्दै आलोचना भएपछि कांग्रेसले प्रदेश मन्त्रिपरिषद्लाई समावेशी बनाउने गरी अघि बढ्ने देखिन्छ । त्यसो भएको खण्डमा मीन बहादुर परियारको टिममा रहेकी सुना परियार मन्त्री बन्ने निश्चित छ । आरजु देउवा राणाको कोटाबाट विनु रायमाझी मन्त्री बन्ने चर्चा छ । शेखर कोइराला/गगन थापाको टिमबाट सुरेश श्रेष्ठ र सुरज चन्द्र लामिछाने मन्त्री बन्ने चर्चा छ भने प्रभात तामाङ, रामकुमार पहाडी, र गोविन्द लम्साल पनि मन्त्रीको आकांक्षी देखिएका छन् ।

# बहादुर सिं लामाले आज मुख्यमन्त्रीमा दावी गर्ने

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको मुख्यमन्त्रीमा कांग्रेसका बहादुर सिं लामाले आज मंगलबार दावी पेश गर्नुहुनेछ । सोमबार नै लामाले प्रदेश प्रमुख समक्ष मुख्यमन्त्रीमा दावी पेश गर्ने कार्यक्रम तय भए पनि अन्तिम समयमा एमाले संसदीय दलका नेता जगन्नाथ थपलिया काठमाडौं जानुभएपछि मुख्यमन्त्रीमा दावी पेश गर्ने कार्यक्रम स्थगित भएको थियो ।

प्रदेश प्रमुख कार्यालय हेटौंडामा बिहान १० बजेका लागि समय माग गरिएको भएपनि अन्तिम समयमा स्थगित भएको प्रदेश सभा सदस्य कुन्दनराज काफ्लेले जानकारी दिनुभयो । उहाँका अनुसार समय सीमा बाँकी नै रहेकाले कार्यक्रम स्थगित गरिएको हो । सोमबारको कार्यक्रम स्थगित गर्नुको कारण भने खुलाइएको छैन ।

काँग्रेस एमाले गठबन्धनबाट प्रदेशको मुख्यमन्त्रीमा दावी पेश गर्ने तयारी गरेका लामाले मंगलबार मात्र दावी गर्ने उहाँले बताउनुभयो । लामाले मंगलबार बिहान १०/११ बजे मुख्यमन्त्रीमा दावी गर्ने उहाँको भनाई छ । एमाले र काँग्रेसको सहमतिमा नै लामाको मुख्यमन्त्रीमा दावी गर्ने कार्यक्रम रोकिएको उहाँले बताउनुभयो । आज (सोमबार) दावी गरेपनि भोलि (मंगलबार) दावी गरेपनि कुनै समस्या नरहेकाले मंगलबार गर्ने तयारी भएको उहाँले बताउनुभयो । सत्ता समीकरण परिवर्तनपछि अल्पमतमा परेका प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले आइतबार पदबाट राजिनामा दिनुभएको थियो । उहाँको राजिनामा पछि प्रदेशको मुख्यमन्त्रीका लागि प्रदेश प्रमुख यादवचन्द्र शर्माले संविधानको धारा १६८ (२) अनुसार सरकार गठनका लागि दावी गर्न आह्वान गर्नुभएको थियो । आइतबार सूचना जारी गरेर साउन ८ गते साँझ ५ बजेसम्म दावी पेश गर्न आह्वान गरिएको थियो । सोही अनुसार एमालेका २७ र काँग्रेसका ३७ जना गरी ६४ जना प्रदेश सभा सदस्यको समर्थनमा कांग्रेस संसदीय दलका नेता लामाले सरकारमा दावी गर्ने तयारी गर्नुभएको थियो ।

## सम्पादकीय

# कानुन निर्माणमै सिमित प्रदेश सरकार

मुलुकमा संघीयता कार्यान्वयन भएर प्रदेश सरकार बनेको साढे ६ वर्ष बितिसक्दा पनि प्रदेश सरकार नियम, कानुन बनाउनै सिमित बनिरहेको छ । नाम र स्थायी राजधानी तोक्नै २ वर्षभन्दा बढी समय लगाएको बागमती प्रदेशले प्रदेशको प्रशासनिक तथा अन्य निकायको भौतिक संरचना अझै निर्माण गर्न सकेको छैन । स्थायी राजधानी कायम नहुँदासम्म अस्थायी संरचनाहरुले काम चलाउनु स्वभाविक भए पनि हेटौंडालाई स्थायी राजधानी कायम गरिएको ५ वर्ष हुन लाग्दासमेत प्रदेशको स्थायी प्रशासनिक संरचना निर्माण सुरु नहुनुले प्रदेश सरकार निष्प्रभावी बनिरहेको स्पष्ट हुन्छ । स्थायी राजधानी कायम भएपछि ४ जना मुख्यमन्त्रीले प्रदेश सरकारको नेतृत्व गरेको भए पनि कसैले प्रादेशिक राजधानीका लागि प्रशासनिक संरचना निर्माणमा ठोस काम गर्न सकेनन् । प्रदेशको कार्यपालिकाअन्तर्गतका निकायहरु अझै भाडाका घर तथा पहिलेका सरकारी भवनहरुमा बस्नु परिरहेको छ ।

केन्द्रीय तहमा नेपाली कांग्रेस र नेकपा एमालेबीच सत्ता सञ्चालनका लागि नयाँ गठबन्धन बनेपछि प्रदेशमा पनि सत्ता गठबन्धन परिवर्तन भएको छ । कांग्रेस-एमाले गठबन्धनमा स्पष्ट बहुमत भएसँगै प्रदेशसभाबाट विश्वासको मत पाउन नसक्ने भएपछि आइतबार बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले राजीनामा दिएका छन् । प्रदेश सरकारको नेतृत्व लिएको १८ महिनामा राजीनामा दिएका जम्कट्टेलले आइतबारै आफ्नो कार्यकालको प्रगति विवरण सार्वजनिक गरेका छन् । ३ पटक सत्ता गठबन्धन परिवर्तन गर्दै विश्वासको मत लिएर सरकार टिकाइरहेका मुख्यमन्त्री जम्कट्टेलले राजनीतिक उतारचढावको व्यवस्थापन गर्दैमा आफ्नो १८ महिने कार्यकाल बिताउनुपरेको छ । मुख्यमन्त्री जम्कट्टेलले प्रदेश सरकारको दोस्रो आवधिक योजना तयार भएको, संविधान प्रदत्त अधिकारसम्बन्धी कानुन निर्माण गरी सार्वजनिक सेवा प्रवाहमा सुधारको पहल गरेको प्रगति विवरण सार्वजनिक गरेका छन् ।


जम्कट्टेलको १८ महिन अवधिमा ४ वटा मुल कानुन निर्माण भएको र २ वटा सालबसाली ऐन जारी गरिएको छ । मन्त्रिपरिषद्का ४० बैठक बसेर २११ निर्णय गरिएको छ । एक अध्यादेश, नियमावली ७, निर्देशिका ४, कार्यविधि २०, मापदण्ड ४ र आदेश ३ प्रदेश राजपत्रमा प्रकाशन गरिएको छ । प्रदेशअन्तर्गतका मन्त्रालय र निकायहरुको संगठन संरचना तथा दरबन्दी व्यवस्थापन र दरबन्दी तेरिज स्वीकृत गरी कर्मचारी व्यवस्थापन कार्य अघि बढाइएको छ । प्रदेश लोकसेवा आयोगद्वारा विभिन्न सेवा, समूह र तहका ५७ वटा पाठ्यक्रम निर्माण गरी विभिन्न पदका लागि १ हजार ४१६ जना कर्मचारीलाई पदपूर्तिका सिफारिस गरिएको छ । मुख्यमन्त्री जम्कट्टेलको कार्यकालमा भएका प्रगतिमा ८६३ किलोमिटर सडक स्तरीकरण गरिएको, ७७ वटा पुल र झोलुङ्गे पुल निर्माण भएको, एक हजार ५२१ सिँचाइ र २०५ वटा खानेपानी आयोजना सम्पन्न भएको बताइएको छ । प्रदेश सरकारको प्रगति विवरणमा विभिन्न जिल्लामा भ्यूटावर, पार्क, पदमार्ग, शौचालय, रेलिङ निर्माणजस्ता योजना समावेश छन् ।

प्रदेश सरकारले अझै पनि ऐन, नियम, निर्देशिका, कार्यविधि निर्माण तथा संशोधनलाई नै उपलब्धी मान्दैछ । मुख्यमन्त्री जम्कट्टेलले पनि आफ्नो कार्यकालमा प्रदेशको विकास समृद्धिसँगै प्रदेशलाई आत्मनिर्भर बनाउने र आन्तरिक आम्दानी वृद्धि गर्ने उल्लेख्य योजना कार्यान्वयन भएन । दैनिक प्रशासनिक कार्यलाई नै मुख्यमन्त्रीले आफ्नो उपलब्ध मान्नुपर्ने अवस्था छ । संघीय राजधानी रहेको र विकासका सूचकहरु र आन्तरिक आम्दानी अन्य प्रदेशको तुलनामा राम्रो रहेको बागमती प्रदेश अन्य प्रदेशको लागि नमुना बन्नुपर्छ । तर, राजनीतिक खिचातानी र सत्तामोहका कारण प्रदेश सरकार नियम, कानुन बनाउन र दैनिक प्रशासनिक काममा सिमित बनेको छ । केही दिनमै बागमती प्रदेशमा नयाँ सरकार गठन हुने भए पनि ठोस र उपलब्धीमूलक काम हुने विश्वास गर्न सकिने अवस्था छैन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : प्राविधिक सीपमुलक क्षेत्रका काममा आकर्षण। |
| वृष | : सहयोगी र मित्रवर्गको सहयोग प्राप्त होला। |
| मिथुन | : आएको अवसरलाई प्रयोग गर्दा राम्रो रहला । |
| कर्कट | : तर्क, विवाद र प्रतिस्पर्धामा विजय प्राप्त। |
| सिंह | : साहस-हिम्मतह-आत्मबलले काममा पूर्णता । |
| कन्या | : बल प्रदर्शन र तुजुक देखाउने कामबाट टाढा रहँदा राम्रो । |
| तुला | : मान्यजनको सर-सहयोग प्राप्त हुने समय । |
| वृश्चिक | : कृषिक्षेत्र र श्रममुलक क्षेत्रमा खट्नु पर्ने समय छ । |
| धनु | : धार्मिक र सामाजिक काममा सरिक भईएला । |
| मकर | : व्यापार-व्यवसाय मध्यमकारक रहने समय । |
| कुम्भ | : शरीरमा जोस, जाँगर बढ्ने समय छ। |
| मीन | : किर्ति र प्रतिष्ठामा बढोत्तरी हुने समय छ । |

# नयाँ अर्थमन्त्री र नेपालको अर्थतन्त्र

**पौडेल ज्ञानका हिसाबले आर्थिक ज्ञाता नभए पनि उनलाई आर्थिक क्षेत्रले ऊर्जाशील र सकारात्मक नेताको रुपमा लिने गरेको छ । खासगरी पुँजीबजारले रुचाएको नेता पौडेलको आगमनसँगै सेयर बजारले उचाइ लिने अपेक्षा गरिएको छ । मुलुकमा आर्थिक शिथिलताका बीच उपभोग्य बजारको क्रयशक्ति बढ्न सकेको छैन । उद्योग-कलकारखानाको उत्पादन बढ्न सकेको छैन भने लगानीको थप वातावरण बन्न सकेको छैन ।**



✍शंकरमान श्रेष्ठ



मुलुकका दुई ठूला दल मिल्नुको अर्थ राजनीतिक स्थिरता हो भन्ने बुझाइलाई हालैको मन्त्रिपरिषद् गठनले पुष्टि गरेको छ, तथापि यसले दीर्घ रूपमा रही कार्य गरी देखाउनुपर्ने ठूलो चुनौती छ । मुलुकमा सस्तो लोकप्रियतावादी कार्यक्रम त्यागेर साँच्चिकै प्रधानमन्त्री स्वयंको नारा 'सुखी नेपाली, समृद्ध नेपाल' साकार पार्ने गुरुत्वर कार्यक्रम र योजना कार्यान्वयन गर्नुपर्छ । दुई ठूला दलको सरकारले पनि नागरिकलाई सुखी र मुलुकलाई समृद्ध बनाउन नसक्ने हो भने मुलुकले ठूलो मूल्य चुकाउन बाध्य हुनेछ ।

अर्थमन्त्री पौडैल आफैंमा गैरअर्थशास्त्री हुन् । उनीसमक्ष दुई पटक अर्थ मन्त्रालय सम्हालेको भन्दा अर्को अनुभव छैन । हुन त नेपालमा अर्थमन्त्री हुन सांसद र पार्टीको दया, माया, ममताबाहेक अन्य कुनै योग्यता चाहिँदैन । कुशल राजनीतिज्ञले समेत अर्थतन्त्र चलाउन सक्छन्, तर यो प्रविधिक मन्त्रालय हो भन्ने कुरा बिर्सनु हुँदैन । छिमेकी मुलुक भारतमा अर्थमन्त्रीको योग्यताको आवश्यकता रहेको देखिँदैन ? पार्टीको उच्च कमाण्डसँग राम्रो सम्बन्ध हुनुबाहेक केही आवश्यक छैन । सम्बन्धबाहेक अर्थमन्त्री प्रेस सम्हाल्न सक्षम हुनुपर्छ ।

केही व्यक्तिको मतअनुसार विष्णु पौडेल पटक-पटक अर्थमन्त्री बने पनि उनको वास्तविक परीक्षा यस पटक हुने भएको छ । पौडेल अघिल्ला पटकमा अर्थमन्त्री बन्दा मुलुकको अर्थतन्त्र सामान्य अवस्थामा थियो । समस्या नभएको अर्थतन्त्र हाँक्दा कुनै पनि व्यक्तिको पहिचान गर्न मुस्किल हुन्छ । तर, अहिलेको परिस्थिति भिन्न छ। यही कारण पौडेलको वास्तविक परीक्षा सुरु भएको भनिएको हो ।

नेकपा एमालेका उपाध्यक्ष विष्णु पौडेल तेस्रो पटक अर्थमन्त्री बनेका छन् । पौडेलले हालै उपप्रधान तथा अर्थमन्त्रीको शपथ लिएका छन् । यसअघि ओली पहिलो पटक प्रधानमन्त्री बन्दा अर्थमन्त्री बनेका पौडेलले राम्रो अर्थमन्त्रीको छवि बनाएका छन् भन्नुमा अत्युक्ति नहोला । सर्सरी हेर्दा, उनी यसअघि २०७२ सालमा अर्थमन्त्री बनेका थिए भने त्यसपछि २०७७ मा पुनः अर्थमन्त्री बनेका थिए । पौडेल २०५३ सालमा नै पहिलो पटक मन्त्री बनेका थिए ।

उनी २०५३ सालमा लोकेन्द्रबहादुर चन्द नेतृत्वको सरकारमा युवा तथा खेलकुद मन्त्री बनेका थिए । अहिले, राजनीतिक घडीको काँटा फेरि घुमेको छ र पुनः अर्थ मन्त्रालयको नेतृत्वमा विष्णु पौडेल आसीन भएका छन् । तर, के नेपालको धरमराएको अर्थतन्त्रका लागि पौडेल आशाको किरण हुन् ? वा अर्को आर्थिक विपत्तिको सुरुवात ? त्यो समयले बताउनेछ । पौडेल नेपाली राजनीतिमा लामो समयदेखि सक्रिय छन् । उनी अर्थतन्त्रका बारेमा धेरै जानकार छैनन् तर आर्थिक विज्ञताभन्दा दलीय राजनीतिमा उनको बढी अनुभव छ ।

पौडेलले आफ्नो पालामा ल्याएका बजेट मूलतः लोकप्रिय र वितरणमुखी प्रकृतिका थिए। उनको कार्यकालमा सेयर बजारमा वृद्धि देखियो, जसले केही वर्गमा उनको लोकप्रियता बढायो । तर, यो वृद्धि वास्तविक अर्थतन्त्रको प्रतिविम्ब थियो कि अस्थायी उछाल ? घरजग्गा कारोबारमा समेत त्यही खालको उछाल आयो र त्यसले मुलुकलाई मन्दीतर्फ घचेड्यो । त्यसैले उनका बजेटले अनुत्पादक क्षेत्रमा लगानीलाई बढावा दियो । यी समस्या समाधान गर्न गहन आर्थिक समझ, नवीन सोच र कठोर निर्णय लिने क्षमताको आवश्यकता पर्छ। तर, विगतको कार्यशैली र नीतिगत दृष्टिकोणले उनी यस्ता गुणहरुबाट टाढा रहेको देखाउँछ। नेपालका उद्यमी, व्यवसायी र उपभोक्ताको हितका लागि सरकारबाट ठोस रचनात्मक आर्थिक कदमको अपेक्षा गरिन्छ । उद्यमी व्यवसायीलाई सहयोग गर्नु श्रमिकलाई सहयोग गर्नु हो ।

पूर्वअर्थमन्त्रीले ल्याएको बजेटमा चालु आर्थिक वर्ष २०८१-८२ मा ६ प्रतिशत आर्थिक वृद्धिको लक्ष्य राखिएको छ । अर्थतन्त्रलाई चाहिने कुल पुँजीको दुईतिहाइ निजी क्षेत्रले लगानी गर्छन् । हाल निजी क्षेत्रको सक्रियताको आवश्यकता महसुस भएको छ। नवनियुक्त अर्थमन्त्रीले यसको सम्बोधन गर्ने संकेत देखाएका छन् ।

पौडेल अर्थमन्त्री हुँदा सेयर बजारले सकारात्मक लय समात्ने गरेको पुरानो रेकर्ड छ। नेकपा एमालेको नेतृत्वमा पौडेल अर्थमन्त्री भएकै बेला सेयर बजारले यसअघिको बुलिस हाई बनाएको थियो । त्यो बेला सूचक १८८० सम्म पुगेको हो। त्यसपछि माओवादी र कांग्रेसको सरकार बन्दा पुँजीबजार निकै सेलाएको थियो, जुन नेकपा एमालेले पुनः बागडोर सम्हालेलगत्तै सुधारिएको थियो । ११ सयसम्म पुगेको बजारले एमाले कार्यकालमा ३ हजार बिन्दु पार गरेको हो । विशेष गरी नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री र विष्णुप्रसाद पौडेल अर्थमन्त्री हुँदा सेयर बजारले उकालो लय समाउने गरेको रेकर्ड छ । ओली सरकारले हालका गभर्नर महाप्रसाद अधिकारीलाई नियुक्त गरेको थियो। उनको समयावधि पनि छिटै सकिँदै छ । यसरी धितोपत्र बोर्ड र नेपाल राष्ट्र बैंकमा नयाँ नियुक्ति सायद यिनले गर्लान् ।

सन् १९९४ को प्रतिनिधिसभामा हामी पाल्पालीले नामै नसुनेको व्यक्तिले १५ हजार ७ सय ६६ मत ल्याएर नेपाली कांग्रेसका उम्मेदवार हरिप्रसाद नेपाललाई हराएका थिए । सन् १९९९ मा प्रतिनिधिसभा चुनावमा रुपन्देहीबाट झिनो मतले जिते, कांग्रेसको हस्ती सूर्यप्रसाद श्रेष्ठलाई हराउँदै। त्यसैगरी २००८, २०13, २०१७ र २०२२ को चुनावमा समेत उनी विजय भए । तर, प्रदेश मुकामलाई दाङ सार्ने विषयमा पदसँग साटफेर गरेको आरोप र तत्कालीन कमजोर र लाभको पद पाएका व्यक्ति उनका प्रतिद्वन्द्वी हुनु र उनको उम्मेदवारी खारेज हुनु उनका निम्ति भाग्य चम्केको थियो भन्नुमा अत्युक्ति नहोला ।

सरकारले आयातभन्दा स्वदेशी उत्पादनमा जोड दिने नीति अवलम्बन गर्नुपर्नेमा तौरतरिका परिवर्तन गर्न ढिलो गर्नु हुँदैन । उनको नेतृत्वशैली बढी राजनीतिक समीकरण र लोकप्रियतामा आधारित देखिन्छ, जुन जटिल आर्थिक समस्या समाधान गर्न कामयावी हुने छैन । साथै, उनको राजनीतिक दृष्टिकोण र लोकप्रिय हुन चाहने नीतिले छोटो अवधिमा केही सकारात्मक प्रभाव देखाउन सक्छ । तर, आर्थिक स्थिरता र विकासका लागि आवश्यक कठोर निर्णय लिन दिँदैन । अर्थतन्त्रलाई पुनर्जीवित गर्न र देशलाई विकासको दीर्घकालीन बाटोमा लैजान आर्थिक विशेषज्ञता, नवीन सोँच र राजनीतिक साहसको आवश्यकता छ जुन पौडेलबाट अपेक्षा गर्न सकिन्छ ।

आर्थिक वर्ष २०८०-८१ मा पनि बजेट पूर्ण कार्यान्वयन हुन सकेन । सरकारले विनियोजन गरेको १७ खर्ब ५१ अर्ब ३१ करोड रुपैयाँ बजेटमध्ये जम्मा ८०.४४ प्रतिशत मात्रै खर्च भएको छ । अर्थात् १४ खर्ब ८ अर्ब ७६ करोड रुपैयाँ खर्च भएको छ । लक्ष्यअनुसार राजस्व उठाउन पनि सरकार असफल भएको छ । १४ खर्ब २२ अर्ब ५४ करोड १७ लाख रुपैयाँ राजस्व उठाउने लक्ष्य लिएकोमा करिब ७५ प्रतिशत अर्थात् १० खर्ब ७५ अर्ब रुपैयाँबराबर राजस्व उठेको महालेखा नियन्त्रकको कार्यालयले जनाएको छ । चालुतर्फ लक्ष्यको करिब ८३.४१ प्रतिशत अर्थात् ९ खर्ब ५२ अर्ब रुपैयाँ खर्च भएको छ। पुँजीगत खर्च निकै कम भएको छ। ३ खर्ब २ अर्ब ७ करोड खर्च गर्ने लक्ष्य लिएकोमा जम्मा ६३.४७ प्रतिशत अर्थात् १ खर्ब ९१ अर्ब ७३ करोड रुपैयाँ मात्रै खर्च भएको छ। वित्तीय व्यवस्थातर्फ पनि ८६ प्रतिशत हाराहारी खर्च भएको छ ।

पौडेल ज्ञानका हिसाबले आर्थिक ज्ञाता नभए पनि उनलाई आर्थिक क्षेत्रले ऊर्जाशील र सकारात्मक नेताको रुपमा लिने गरेको छ । खासगरी पुँजीबजारले रुचाएको नेता पौडेलको आगमनसँगै सेयर बजारले उचाइ लिने अपेक्षा गरिएको छ। मुलुकमा आर्थिक शिथिलताका बीच उपभोग्य बजारको क्रयशक्ति बढ्न सकेको छैन । उद्योग-कलकारखानाको उत्पादन बढ्न सकेको छैन भने लगानीको थप वातावरण बन्न सकेको छैन । बैंकमा निक्षेप थुप्रिरहेको छ तर कर्जा मागको अभावमा लगानी हुन सकिरहेको छैन । जेठ मसान्तसम्मकै तथ्यांक हेर्ने हो भने निजी क्षेत्रतर्फको कर्जा विस्तार ५.९ प्रतिशतमाथि जान सकेको छैन। मुलुकको अर्थतन्त्र आयातमुखी र रेमिटेन्सको भर पर्नुपरेको छ ।

उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले आफू उक्त पदमा नियुक्त भएको पहिलो दिनमै करछलीको जोखिम बढ्ने भनी आलोचित आर्थिक विधेयक २०८१ को एक प्रावधानमा संशोधन दर्ता गरेका छन्। अघिल्लो सरकारले आगामी आर्थिक वर्ष (आव) २०८१-८२ का लागि ल्याएको आर्थिक ऐनमा आयकर ऐन २०५८ को दफा ५७ को उपदफा (१) मा प्रतिबन्धात्मक वाक्यांश थप गरी साझेदारबाट पुँजी थप भई स्वामित्व परिवर्तन भएमा स्वामित्व परिवर्तन नै नमानिने व्यवस्था गरेको थियो ।

अर्थमन्त्री भन्छन्, 'राजस्व परिचालनमा हामी दुरुस्त हुन सकेका छैनौं । हाम्रो सामर्थ्यमा प्रश्न उठ्न थालिसकेको चर्चा छ । यसमा साँच्चै समस्या छन् भने भन्नुस् समाधानतर्फ अघि बढ्ने हो । अहिलेको परिस्थितिमा अधिकतम राजस्व कसरी परिचालन गर्न सकिन्छ, त्यसका उपायमा काम गर्नुपर्छ । अनियमिततालाई कसरी रोक्न सकिन्छ त्यो हाम्रो प्राथमिकताको विषय रहनेछ । उनले खर्च व्यवस्थापनमा पनि प्रश्न उठाए । चुनौतीको अवस्थाबाट गुज्रिरहेका बेला पुँजीगत खर्च अपेक्षित मात्रामा हुन नसक्ने समस्या समाधान हुनुको साटो झन्-झन् बल्झिँदै गएको उनको भनाइ थियो । उनले समस्या समाधानतर्फ अग्रसर हुन कर्मचारीलाई निर्देशन दिए । साथै, उनले कर्मचारीलाई विकास साझेदारको विश्वास जित्दै देशको विकासमा त्यसलाई उपयोग गर्ने गरी काम अघि बढाउन पनि भनेका छन् ।

पौडेल अघिल्लो पटक अर्थमन्त्री हुँदा पनि अर्थतन्त्र असामान्य अवस्थामा थियो । करिब दुई-तीन महिनाको कार्यकालमा उनले निजी क्षेत्रसहित सबैको मनोबल जित्ने प्रयास गरे । छोटो कार्यकालले उनको पहिचान गर्न सकेन । तर, अहिलेको सत्ता गठबन्धन दुई ठूला दल कांग्रेस र एमाले मिलेर बनेकाले लामो समय जाने अनुमान गरिएको छ। यस्तोमा अर्थमन्त्रीका रूपमा पौडेलको कार्यकाल लामो बने काम गर्न सक्ने-नसक्नेमा उनको परीक्षण हुनेछ ।

विगत केही समयदेखिको सुस्त अर्थतन्त्रले ल्याएका समस्या छरपस्ट भएका छन् । आन्तरिक अर्थतन्त्रमा मुख्य दुई समस्या छन् । सरकारसँग स्रोतको अभाव छ र उसले खर्च गर्न सकिरहेको छैन । यसैबाट सबै क्षेत्र प्रभावमा आएका छन् । मुलुकभित्र रोजगारीका थप अवसर सिर्जना भएका छैनन् । सर्वसाधारणको आयस्रोत खोसिँदा बजार सुस्त बनेको छ । बजारमा माग नभएपछि औद्योगिक उत्पादनमा कमी आइरहेको छ। अधिकांश उद्योग क्षमताको ५० प्रतिशत पनि चल्न सकेका छैनन् ।

केही वर्षदेखि अर्थतन्त्रमा देखिएको समस्या मौद्रिक नीतिका कारण हो भन्ने भाष्य स्थापित गर्न खोजिएको छ । यो काम गर्न नसकेको सरकारले लगाएको आरोप हो । मूलतः वित्तीय नीति र कार्यान्वयन नै मजबुत हुनुपर्नेमा कुनै शंका छैन ।

साथै, अर्थमन्त्री पौडेलले कम्तीमा २०८४ को निर्वाचनसम्म कुनै पनि करका दर नचलाउने र नीतिगत स्थिरता कायम गर्ने विश्वास निजी क्षेत्रलाई दिनुपर्छ । यस्तो गर्न सके 'पर्ख र हेर' को अवस्थामा बसेको निजी क्षेत्रले भोलिबाटै लगानी थप्न सुरु गर्नेछ । देशले अहिले आर्थिक रूपान्तरणको नेतृत्व गर्न र कठोर निर्णय लिन सक्ने तथा दीर्घकालीन सोच भएको अर्थमन्त्री चाहेको बेलामा नयाँ अर्थमन्त्रीको परीक्षा हुनेछ ।

*(स्रोत: कारोबारदैनिक)*

# विज्ञान विषयमा हामीले दुई कक्षा थप गरेका छौं

माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८० को नतीजा सार्वजनिक भएको २/४ दिन निक्कै चर्काचर्की बहस भए । नतीजाको दर, विद्यार्थीको सिकाई, सिङ्गो देश, सातै प्रदेश, ७७ जिल्ला, ७५३ पालिका, निजी र सामुदायिक विद्यालयको नतीजा जस्ता विविध पक्षमा बहस भए । यतिबेला एसईईको सन्दर्भ सेलाएको छ । एसईईपछि कक्षा ११ को पठनपाठनका विषयमा खासै चासो र चर्चा देखिन्न । एसईईमा सफल भई कक्षा ११ मा भर्ना हुने विद्यार्थी यतिबेला कुन विषय अध्ययन गर्ने भन्ने द्विविधामा छन् । उच्च शिक्षाका लागि उपयुक्त विषय छनोट गर्नु विद्यार्थीका लागि चुनौतिपूर्ण रहन्छ । एसईईको समीक्षा, कक्षा ११ को भर्ना, विद्यार्थी र अभिभावकसँगै शैक्षिक संस्थाहरूले ध्यान दिनुपर्ने सन्दर्भमा हेटौँडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसका प्राचार्य सन्देश विडारीसँग सम्पादक सुरेश श्रेष्ठले गर्नुभएको कुराकानी:



सन्देश विडारी, प्राचार्य
मकवानपुर बहुमुखी क्याम्पस

**समाजः मकवानपुर बहुमुखी क्याम्पसमा माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतीजापछि नयाँ भर्ना हुन आउने विद्यार्थीहरूको उपस्थिति कति छ र विद्यार्थीहरूको सोधीखोजी कति छ ?**

**विडारीः** देशमा अहिले जुन खालको एसईईको नतीजा देखा पर्‍यो त्यो नतीजा त्यति सन्तोषजनक छैन । मकवानपुर जिल्लामा करिब ६ हजार विद्यार्थीले एसईई परीक्षा दिँदा २ हजार मात्र पास हुनु भनेको राम्रो होइन । पक्कै पनि यस वर्ष नतीजा राम्रो नआएकै कारणले हाम्रो जस्तो सामुदायिक क्याम्पसमा कक्षा-११ को विद्यार्थी भर्नामा चाहिँ गतवर्षको तुलनामा केहि न केहि असर परेको छ । गतवर्ष हामीले राम्रै विद्यार्थीलाई क्याम्पसमा भर्ना गरेका थियौं तर यसपालि नियमिततर्फ पास हुने विद्यार्थीहरु चाहिँ गतवर्षको तुलनामा अलि कम हामीसम्म आइपुग्छन् । समग्रमा नतीजाको विश्लेषण गर्ने र एसईईमा उत्तीर्णको दर कम भएकोले भर्नाको संख्यामा पनि कमि आएको छ ।

**समाजः एसईईको नतीजामा चाहिँ यो पटक सैद्धान्तिकमा उत्तीर्ण हुनैपर्ने, ३५ प्रतिशत अंक ल्याउनैपर्ने भन्ने नियम लागु भएपछि उत्तीर्णको दर कम भएपनि उत्तीर्णको गुण राम्रो छ भन्ने विश्लेषण भइरहेको छ ?**

**विडारीः** सबै स्थानीय तहहरुमा सबै वडाहरुमा प्रायःजसो सबै विद्यालयहरुमा एउटा-एउटा उच्च माध्यमिक विद्यालयहरु हुन्छन् । कक्षा-१२ सम्म पढाइ भइरहेका छन् । सबै विद्यालयका शिक्षकहरु आफ्ना विद्यार्थीहरुलाई सकेसम्म बाहिर पढाउन चाहनु हुन्न । सरकारले आफ्नो नियम परिवर्तन गर्दै गर्ने गरेको छ । विद्यार्थी विशेषगरी विज्ञान विषय पढ्नका लागि मकवानपुर बहुमुखी क्याम्पस आउने गरेका छन् । विज्ञान विषय पढ्ने विद्यार्थीहरुका लागि हामीहरुले विशेष प्रकारको कार्यक्रमहरुको आयोजना गर्छौं ।

**समाजः यो पटक विद्यार्थीहरूको त्यति धेरै उपस्थिति भइसकेको छैन ?**

**विडारीः** अहिलेसम्म विद्यार्थीहरुको जति उपस्थिति हुनुपर्ने त्यति छैन । हामीले अघिल्लो वर्षको नतिजाको विश्लेषण गर्दा क्षमतामा परिवर्तन आइसकेको अवस्था छ । हामीले विश्लेषण गर्ने हो भन्ने विद्यार्थीहरुको भर्नाको संख्यामा केही परिवर्तन आएको देखिएको छ । हामीले कक्षाकोठामा विद्यार्थीहरुलाई बोलाइसकेपछि मात्र विद्यार्थी कस्तो छ भन्ने कुराको विश्वास गर्न सक्छौं ।

**समाजः मकवानपुर क्याम्पस बागमती प्रदेशका क्याम्पस मध्ये राम्रो मानिन्छ । अहिले क्याम्पसका कक्षा-१२ को कार्यक्रमहरू के-के छन् ? कसरी चलिरहेको छ ?**

**विडारीः** हाम्रो मकवानपुर बहुमुखी क्याम्पस अहिले पनि जिल्लाको अग्रणी क्याम्पसमै आउँछ । हामीले कक्षा-११ मा अलि शान्त वातावरणको आवश्यक पर्छ । हामीले लगभग १ हजार ५ सय विद्यार्थीहरु भर्ना गरिरहेको अवस्था छ अहिले पनि । यसवर्ष पनि त्यही अनुसार विद्यार्थी भर्ना हुन्छन् र संख्यामा कम हुँदैन । नियमित आउने विद्यार्थीहरु केहि दिन कम होलान् । विज्ञानतर्फ जति विषयहरु पढाइ हुन्छन् फिजिक्स, केमेस्ट्रि वायोलोजी पढ्ने विद्यार्थीहरुको संख्यामा विज्ञान विषयमा हामीले दुई कक्षा थप गरेका छौं । राम्रा राम्रा प्राध्यापकहरु हुनुहुन्छ ।

**समाजः मकवानपुर क्याम्पसमा बिहान र दिउँसो सबै विषयहरू पढाइ हुन्छ या के छ ?**

**विडारीः** बिहान चाहिँ हामीले विषय वस्तुलाई हेरेर त्यसलाई आवश्यक पर्ने समयलाई बुझेर कक्षाहरु सञ्चालन गरिरहेका छौं । बिहान हामीले व्यवस्थापन संकाय, शिक्षा शास्त्र, मानविकी संकायका कक्षाहरु सञ्चालन गरिरहेका छौं । विज्ञान विषयका लागि शान्त वातावरण आवश्यक पर्ने र पढ्न बढी समयको आवश्यक पर्ने भएकोले दिउँसो सञ्चालन गर्ने गरेका छौं भने व्यवस्थापन संकायको विषयलाई दिउँसो पनि सञ्चालन गरिएको छ । विज्ञान विषय दिउँसो चलाउनुको कारण हामी विज्ञानका विषयहरुमा जति विषयहरु पढाइ हुन्छन् अरु जस्तो संचालन गरेर थप दुई कक्षामा सञ्चालन गर्ने गरेका छौं । प्राक्टीकलको कक्षा सञ्चालन गरेर पनि अझ दुईवटा कक्षा थप गरेका छौं ।

**समाजः विद्यार्थीहरूले विषय छनौट गर्ने क्रममा ध्यान दिने कुराहरू चाहिँ के जस्तो लाग्छ ?**

**विडारीः** विद्यार्थीहरुलाई राखेर परामर्श गर्ने बारेमा हामीले सोचेका छैनौं । कुन विषय पढ्ने भन्ने कुरामा विद्यार्थीहरुलाई सधै समस्य परिरहेको हुन्छ । हाम्रो समाज पनि धेरै परिपक्व भएको छैन । विद्यार्थीहरुलाई परामर्शमा लग्ने भन्ने विषयमा हामीले कुरा गरेका छौं । सहर बजारतीर केन्द्रीय विद्यार्थीहरुलाई राम्ररी परामर्श गरेको अवस्था छ । छर-छिमेकबाट पनि परामर्श हुने भएकोले उसले आफ्नो एक प्रकारको लक्ष्य बनाउन सक्छ । विद्यार्थीलाई परामर्श गर्ने वातावरणको सिर्जना हामी भविष्यमा गर्नेछौं ।

# असारमा ३ सय ५३ जनाको रगत संकलन




समाज संवाददाता

हेटौंडाः रक्तसञ्चार केन्द्र हेटौंडाले गत असार महिनामा ३ सय ५३ जनाको रगत संकलन गरेको छ । केन्द्रले एक महिनामा विभिन्न संघसंस्थाले आयोजना गरेको रक्तदान कार्यक्रमबाट २ सय ९० जना र केन्द्रमै पुगेका ६३ जनाको रगत संकलन गरेको हो ।

केन्द्रका अनुसार असार महिनामा १० वटा संघसंस्थाले रक्तदान कार्यक्रम आयोजना गरेका थिए । मनहरी गाउँपालिका-५ स्थित राष्ट्रिय युवा संघको आयोजनामा भएको कार्यक्रममा २८ जनाले रक्तदान गरेका थिए । यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टी मकवानपुरले आयोजना गरेको कार्यक्रममा ३१ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकाटोले बताउनुभयो ।

असार महिनामै पतञ्जलि योग संघ मकवानपुरको आयोजनामा भएको कार्यक्रममा १८ जनाले रक्तदान गरेका थिए । हेटौंडा-८ को सांगीतिक समूह अस्तित्व व्याण्डको आयोजनामा भएको कार्यक्रममा ५८ जनाले रक्तदान गरेको सापकोटाले जानकारी दिनुभयो ।

यस्तै, नेपाल औषधी व्यवसायी संघको आयोजनामा भएको कार्यक्रममा २१ जना, मदन भण्डारी फाउण्डेसनको कार्यक्रममा १९ जना, लायन्स क्लब अफ हेटौंडाको आयोजनामा भएको कार्यक्रममा ४५ जनाले रक्तदान गरेका छन् । नेपाल स्वयम्सेवी रक्तदाता समाजको आयोजनामा भएको कार्यक्रममा १२ जना, अनेम संघ मकवानपुरको कार्यक्रममा २१ जना र वनविज्ञान अध्ययन संस्थान हेटौंडा क्याम्पसको आयोजनामा भएको कार्यक्रममा ३७ जनाले रक्तदान गरेका केन्द्रका प्राविधिक सापकोटाले बताउनुभयो ।

एक महिनामा केन्द्रले ४ सय २१ युनिट रगत वितरण गरेको छ । केन्द्रले १२ वटा पोका सेतो रगत वितरण गरेको हो । अहिले रक्तसञ्चार केन्द्रमा एबी पोजेटिभ रगत अभाव रहेको सापकोटाले जानकारी दिनुभयो । केन्द्रले हेटौंडा अस्पताल, चुरेहिल अस्पताल, सञ्चो अस्पताललगायतका अस्पतालमा रगत पठाउने गरेको छ । केन्द्रको इमर्जेन्सी रक्तदाताको सूचीमा एकसय ५० भन्दा बढि रक्तदाता रहेका छन् ।

# स्काउट ट्रुपको नेतृत्व चयन

समाज संवाददाता

हेटौँडाः हेटौँडा-५, सानोपोखरास्थित सिद्धार्थ शिशु सदनमा स्काउट ट्रुपको नेतृत्व चयन भएको छ । शुक्रबार विद्यालयमा एक कार्यक्रमका बीच ६ वटा पेट्रोलको लिडर, सहायक पेट्रोल लिडर र २ जना ट्रुप लिडरको चयन भएको हो ।

महिलातर्फ ट्रुप लिडरमा आशिका ढकाल, फ्लेमिङ्गो पेट्रोल लिडरमा आन्या महर्जन र सहायकमा कृष्टिना थापा मगर चयन हुनुभएको छ । यस्तै सुगा पेट्रोल लिडरमा शिक्षा लामा र सहायकमा कृपा पाठक, स्प्यारो पेट्रोलमा अनुका मगर र सहायकमा ग्रीष्मा दाहाल, डाँफे पेट्रोल लिडरमा सीमा ढकाल र सहायकमा सुनामी घिसिङ्ग चयन हुनुभएको छ । यसैगरी व्याय ट्रुपतर्फ लिडरमा आदित्य पराजुली सिंह, पेट्रोलको लिडरमा मनिष साह र सहायकमा श्रीष शर्मा, उल्फ पेट्रोल लिडरमा अग्रिम पाठक र सहायकमा अनुपम मिश्र चयन हुनुभएको छ ।

नेपाल स्काउट बागमती प्रदेश स्थानीय स्काउट समिति हेटौँडा उपमहानगरपालिका भित्र संचालनमा रहेको सिद्धार्थ सदनमा पनि नेतृत्व चयन गरेको हो । कार्यक्रममा स्थानीय स्काउट कार्यालय हेटौँडाका प्रमुख आयुक्त अनिल आचार्य, विद्यालयका सहायक प्रधानाध्यापक केदार न्यौपाने र शिक्षिका कल्पना अधिकारीको उपस्थिति रहेको थियो ।

# लागुऔषधसहित एकजना पक्राउ

समाज संवाददाता

हेटौँडाः मकवानपुर प्रहरीले लागुऔषधसहित एकजनालाई पक्राउ गरेको छ । शुक्रबार राती ८ बजेको समयमा हेटौँडा-१०, बसपार्क क्षेत्रबाट लागुऔषध नुर्फिन १८ एम्पुल, फेनर्गन १८ एम्पुल र डाईजेपाम १८ एम्पुलसहित पर्सा जिल्लाको पोखरिया नगरपालिका-१ का २८ वर्षीय विवेक कुमार गिरीलाई पक्राउ गरेको प्रहरीले जनाएको छ ।

बीरगन्जबाट हेटौँडातर्फ आउँदै गरेको ना ३ ख ५२२५ नम्बरको बसबाट शंकास्पद अवस्थामा ओर्लिएका गिरीलाई प्रहरीले खानतलासी गर्दा गिरीले पेट र छातीको भागमा प्लाष्टिक बेरी लागुऔषध तस्करीको प्रयास गरेको पाइएको प्रहरीले जनाएको छ । प्रहरीले मकवानपुर जिल्ला अदालतबाट ८ दिनको म्याद अनुमति लिई गिरीलाई हिरासतमै राखेर थप अनुसन्धान गरिरहेको जनाएको छ ।

## हेटौँडा क्याम्पस

हेटौँडा-४, मकवानपुर

### सूचीदर्ता गर्ने सम्बन्धी सूचना

*(प्रथमपटक सूचना प्रकाशित मिति २०८१।०४।०८)*

यस क्याम्पसका लागि आ.व. २०८१/०८२ मा आवश्यक पर्ने निम्नलिखित अनुसारका मालसामान, सेवा, खरिद तथा मर्मत कार्यका लागि इजाजतप्राप्त फर्म, कम्पनि तथा सेवाप्रदायकहरुले दरखास्त फाराम साथ प्रचलित नियमानुसार मूल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र (भ्याट/पान), फर्म दर्ता नवीकरण भएको प्रमाणपत्रहरुको र आ.व. २०८०/०८१ को करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति संलग्न गरी सूचीदर्ताको निमित्त छुट्टा-छुट्टै सूची तयार गरी हेटौँडा क्याम्पस, हेटौँडामा क्याम्पस प्रशासन खुल्ने समय (बिहान ८:००- दिनको ३:०० बजे) भित्र सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवेदन दर्ता गर्न आब्हान गरिन्छ । रीत नपुगी र म्याद नाघी आएका निवेदनउपर कुनै कारबाही हुने छैन ।

**दर्तागिर्नुपर्ने सूचीहरू :**

१) कार्यालय उपकरण : कम्प्युटर, युपीएस, प्रिन्टर, फोटोकपी, टेलिफोन, फायर एक्सटिङगुइसर, ब्याट्रि, स्टेवीलाइजर लगायत इलेक्ट्रोनिक उपकरणहरु आपूर्ति कार्य,
२) प्रिन्टर, फोटोकपी आदि उपकरणमा लाग्ने टोनर, कार्टेज एवम् अन्य पार्टपूर्जा आपूर्ति कार्य,
३) फर्निचर तथा फर्निसिङ सामानहरु आपूर्ति कार्य,
४) इलेक्ट्रिक तथा इलेक्ट्रोनिक उपकरणहरुको मर्मत सम्भार कार्य,
५) भवन, फर्निचर, फर्निसिङसम्बन्धी मर्मत सम्भार कार्य,
६) इलेक्ट्रिक सामान आपूर्तिसम्बन्धी कार्यहरु,
७) खानेपानी धारा, टंकी आपूर्ति तथा मर्मतसम्बन्धी कार्यहरु,
८) सि.सि. क्यामेरा ए.सी. आपूर्ति तथा मर्मतसम्बन्धी कार्यहरु,
९) शौचालयका सामान, सरसफाईसम्बन्धी केमिकल तथा सामानसम्बन्धी कार्य,
१०) पाठ्यपुस्तक आपूर्ति, फोटोकपी पेपर, लेटर प्याड, खाम, उत्तरपुस्तिका छपाई तथा मसलन्दसम्बन्धी अन्य कार्यहरु,
११) स्टिल, फलाम तथा सोबाट बनेका सामानहरु आपूर्ति तथा मर्मतसम्बन्धी कार्यहरु,
१२) उत्तरपुस्तिका, पाठ्यपुस्तक आपूर्ति गर्ने कार्यहरु ।

**विस्तृत जानकारीका लागि**
**हेटौँडा क्याम्पस**
**हेटौँडा-४, मकवानपुर**
**०५७-५२०९७४**




**समृद्ध समाज**
**राष्ट्रिय दैनिक**
www.samriddhasamaj.com

## हेटौँडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA **तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**

**हेटौँडा रिफरेन्स ल्यावरोटरी**

हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# ग्रेडवेद्धि परीक्षाको तयारी तीव्र



समाज संवाददाता

हेटौंडाः माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८० को ग्रेडवृद्धि परीक्षा आगामी साउन २३ गतेदेखि सञ्चालन हुँदैछ । हेटौंडा उपमहानगरपालिकाले ग्रेडवृद्धि (मौका) परीक्षाका लागि ५ वटा विद्यालयमा तयारी कक्षा सञ्चालन गरिरहेको छ । पालिकाले तोकेको ५ वटै विद्यालयमा तीव्र गतिमा परीक्षाको तयारी भइरहेको छ ।

हेटौंडा उपमहानगरअन्तर्गतका विद्यालयबाट एसईईमा एनजी ल्याएका विद्यार्थीका लागि साउन २ गतेदेखि २० गतेसम्म निःशुल्क कक्षा सञ्चालन भएको हो । हेटौंडा उपमहानगरपालिका-३ स्थित महेन्द्रकिरण माध्यमिक विद्यालयले दैनिक ३५ जना विद्यार्थीलाई परीक्षाको तयारी गराइरहेको छ । महेन्द्रकिरण माविमा त्रिभुवन माध्यमिक विद्यालयका विद्यार्थीसमेत अतिरिक्त कक्षा लिन जाने गरेको विद्यालयकी प्रधानाध्यापक तारा गौतमले जानकारी दिनुभयो । विद्यालयले गणित, विज्ञान, अंग्रेजी, अतिरिक्त गणित र अर्थशास्त्र विषयको तयारी कक्षा सञ्चालन गरिरहेको छ ।

हेटौंडा उपमहानगरपालिका-४ स्थित भूटनदेवी माध्यमिक विद्यालयले करिब ३० जना विद्यार्थीलाई अध्यापन गरिरहेको छ । भूटनदेवी माविबाट विद्यार्थीहरुले गणित, विज्ञान, अंग्रेजी, नेपाली र सामाजिक विषयको निःशुल्क कक्षा लिइरहेका विद्यालयका सहायक प्रधानाध्यापक भरत पोखरेलले जानकारी दिनुभयो । उहाँका अनुसार विद्यालयले बालजागृति इङ्गलिस सेकेण्डरी स्कूल, सत्यम् जेभियर्स, चन्द्रोदय माध्यमिक विद्यालय, नवज्योति माध्यमिक विद्यालयका विद्यार्थीसँगै नगर बाहिरका विद्यार्थीलाई समेत अध्यापन गराइरहेको छ । भूटनदेवी माविमा चितवन जिल्लाका २ जना विद्यार्थीले पनि निःशुल्क कक्षा लिइरहेका छन् ।

हेटौंडा उपमहानगरपालिका-१३ स्थित महेन्द्र माध्यमिक विद्यालयले ६७ जना विद्यार्थीलाई निःशुल्क कक्षा सञ्चालन गरिरहेको छ । विद्यालयले २५ जना विद्यार्थीलाई गणित, ९ जना विद्यार्थीलाई अंग्रेजी, ११ जना विद्यार्थीलाई सामाजिक र २२ जना विद्यार्थीलाई विज्ञान विषयमा तयारी कक्षा चलाइरहेको छ । महेन्द्र माविमा सनराइज इङ्गलिस बोर्डिङ स्कूल, श्रमिक माध्यमिक विद्यालय र बुद्ध माध्यमिक विद्यालयका विद्यार्थी मौका परीक्षाका लागि अध्ययन गरिरहेका छन् ।

हेटौंडा उपमहानगरपालिका-१६ स्थित जनप्रिय माध्यमिक विद्यालयले करिब सय जना विद्यार्थीलाई ७ वटै विषय अध्यापन गराइरहेको छ । जनप्रिय माविमा त्रिभुवन मावि, बालबोध मावि, गोरक्षनाथ मावि, चुरियामाई मावि तथा आसपासका विद्यार्थीहरु निःशुल्क कक्षा लिइरहेका छन् । विद्यालयले गणित र विज्ञानको ३-३ समूह र अरु विषयको एउटा समूह बनाई अध्यापन गराइरहेको छ ।

हेटौंडा उपमहानगारपालिका-९ स्थित प्रगति माध्यमिक विद्यालयमा करिब ४५ जना विद्यार्थी मौका परीक्षाको लागि तयारी गरिरहेका छन् । विद्यालयले नेपालीबाहेक सबै अनिवार्य विषय अध्यापन गराइरहेको छ । प्रगति माविमा हेटौंडा मोर्डन इङ्गलिस सेकेण्डरी बोर्डिङ स्कूल, जनजागृति मावि, जनज्योति मावि, कृष्ण आदर्श, श्रमिक मावि र चन्द्रोदय माविका विद्यार्थी अध्ययन गरिरहेका छन् । विद्यालयमा २ जना विद्यार्थी नगर बाहिरका रहेको विद्यालयका प्रधानाध्यापक निरञ्जन ढकालले जानकारी दिनुभयो ।

५ वटै विद्यालयमा दैनिक विद्यार्थी उपस्थित भइरहेका छन् । माध्यमिक शिक्षा परीक्षा (एसईई) को ग्रेडवृद्धि परीक्षाका लागि मकवानपुर जिल्लामा ८ वटा परीक्षा केन्द्र तोकिएको छ । साउन २३ गतेदेखि ३१ गतेसम्म हुने ग्रेडवृद्धि (मौका) परीक्षाको लागि जिल्लाको हेटौंडा उपमहानगरपालिकामा ५ वटा, थाहा नगर पालिका, बकैया गाउँपालिका र मनहरी गाउँपालिकमा एक-एक वटा परीक्षा केन्द्र तोकिएको हो ।

श्रमिक माध्यमिक विद्यालयबाट १६ वटा विद्यालयका ३ सय ३८ जना विद्यार्थीले मौका परीक्षा दिनेछन् । सिद्धार्थ माध्यमिक विद्यालयबाट १५ वटा विद्यालयका ३ सय ३९ जना र प्राविधिक तर्फ १० वटा विद्यालयका एकसय ९८ जना विद्यार्थीले परीक्षा दिनेछन् । भूटनदेवी माध्यमिक विद्यालयबाट १६ वटा विद्यालयका ४ सय ८४ जना विद्यार्थी, बालजागृति इङ्गलिस बोर्डिङ स्कूलबाट १३ वटा विद्यालयका ३ सय ३० जना र आधुनिक राष्ट्रिय माविबाट २५ वटा विद्यालयका ६ सय २५ जना विद्यार्थीले ग्रेडवृद्धि परीक्षा दिनेछन् ।

# विभिन्न घटनामा ५ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको तीन जिल्लामा विभिन्न घटनामा परी पाँच जनाको मृत्यु भएको छ । काभ्रेमा तीन जना, चितवन र सिन्धुलीमा एक-एक जना गरी पाँच जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

शनिबार काभ्रेको मण्डनदेउपुर नगरपालिका-११ स्थित चाँखोला पुलमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा सोही वडास्थित जैसीटोलका २६ वर्षीय मिलन काफ्ले रहेको प्रहरीले जनाएको छ । शनिबार बिहान ११ बजेर ५० मिनेटको समयमा कुन्तावेशीबाट पाँचखालतर्फ जाँदै गरेको बा ३५ प ३१४० नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भएर पुलबाट ३० फिट तल खस्दा चालक काफ्ले गम्भीर घाइते भएका थिए । काफ्लेलाई उपचारका लागि धुलिखेल अस्पताल लगिएकोमा दिउँसो ३ बजेर ४५ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको हो ।

यस्तै शनिबार काभ्रेको धुलिखेल नगरपालिका-३ मा एक्कासी बिरामी परेका एक जना महिलाको मृत्यु भएको छ । शुक्रबार बेलुका सिन्धुपाल्चोकको त्रिपुरासुन्दरी गाउँपालिका-५ स्थित टेकानपुरकी ४१ वर्षीया गीता तामाङ बोहोरा फुपुको घरमा पाहुना आएकोमा शनिबार बिहान एक्कासी बिरामी भएका थिए । हात खुट्टा नचल्ने बिरामी भएका बोहरालाई उपचारका लागि धुलिखेल अस्पताल ल्याइएकोमा बाटोमा नै मृत्यु भएको प्रहरीले जनाएको छ । यस्तै शुक्रबार काभ्रेको धुलिखेल नगरपालिका-७ मा एक महिला मृत भेटिएका छन् । मृतक महिला उदयपुरको कटारी नगरपालिका-४ की ३८ वर्षीया उमा बोगटी रहेको प्रहरीले जनाएको छ । बोगटी आफ्नै कोठामा मृत अवस्थामा फेला परेको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

शनिबार दिउँसो सिन्धुलीको हरिहरपुरगढी गाउँपालिका-१ स्थित बागमती नदीमा एक बेवारिसे शव फेला परेको थियो । नदीमा अन्दाजी २५ वर्षीय पुरुषको बेवारिसे शव फेला परेको प्रहरीले जनाएको छ । स्थानीयले पुरुष मृत अवस्थामा देखेपछि प्रहरीलाई खबर गरेका थिए । यस्तै चितवनको खैरहनी नगरपालिका-८ स्थित चैनपुर चोकबाट अचेत अवस्थामा उद्दार गरेका एक पुरुषको उपचारको क्रममा मृत्यु भएको छ । गत मंगलबार अचेत अवस्थामा फेला पारी उद्दार गरेका अन्दाजी ३२ वर्षीय पुरुषको उपचारको क्रममा भरतपुर सरकारी अस्पतालमा शनिबार मृत्यु भएको हो । मृतक पुरुषको पहिचान खुल्न बाँकी रहेको प्रहरीले जनाएको छ ।

# असारमा ईभी आयात घट्यो

काठमाडौंः बजेट अगाडि वैशाख र जेठमा ठूलो संख्यामा आयात भएको विद्युतीय गाडी (ईभी) असारमा भने घटेको छ । सरकारले गत १५ जेठमा ल्याएको बजेट मार्फत विद्युतीय गाडी (ईभी) मा लाग्ने कर बढाएको छ । आर्थिक विधेयक मार्फत इन्ट्री लेभलदेखि सबै गाडीमा भन्सार र अन्तःशुल्क गरेर सरकारले १० प्रतिशत कर बढाएको छ ।

कर बढाउनु अगाडि वैशाखमा र जेठको दोस्रो सातासम्म ठूलो परिमाणमा विद्युतीय गाडीको आयात देखिए पनि घटेको भन्सार विभागको तथ्यांकले दखाएको छ । जेठमा मात्रै करिब ३ हजार युनिट आयात भएको थियो । तर, असारमा भने २ सय ६६ युनिट मात्रै विद्युतीय गाडी आयात भएको भन्सार विभागले जनाएको छ । भन्सार विभागका अनुसार गत आर्थिक वर्षमा कुल ११ हजार ७ सय १ युनिट ईभी (कार, जिप, भ्यान) भित्रिएका छन् । जसमध्ये असारमा २ सय ३५ युनिट भित्रिएको हो ।

गत वैशाखसम्म ८ हजार ४ सय ९७ युनिट ईभी आयात भएकोमा जेठमा मात्रै २ हजार ९ सय ६९ युनिट विद्युतीय गाडी आयात भएको थियो । वैशाखमा १ हजार ४ सय ४ युनिट ईभी आयात भएको थियो । वैशाख र जेठमा मात्रै करिब साढे ४ हजार युनिट ईभी आयात भएकोमा असारमा भने २ सय ३५ मा मात्रै सीमित भएको हो । बजेटमा कर बढाउन अगाडि नै ईभी आयात गरेको व्यवसायीले स्टक क्लियरेन्स गर्नुपर्ने हुँदा असारमा आयात घटाएका हुन् ।

सरकारले गत वर्ष १५ जेठ २०८० मा ल्याएको आर्थिक विधेयक मार्फत पनि इन्ट्री लेभलका गाडीको कर बढाएको थियो । उक्त आर्थिक विधेयक मार्फत ५० किलोवाटसम्मका सवारीमा १० प्रतिशत भन्सार महसुल लाग्ने व्यवस्था गरेको थियो । ५० देखि १ सय किलोवाटसम्मका ईभीका हकमा १० प्रतिशतबाट बढाएर भन्सार महसुल १५ प्रतिशत पुऱ्याइएको थियो । सोही रेन्जको गाडीमा गत वर्षदेखि १० प्रतिशत अन्तःशुल्क पनि पुऱ्याएको थियो ।

१५ जेठ २०८१ मा आएको आर्थिक विधेयक मार्फत पनि ईभीमा कर बढेको छ । ५० किलोवाट र ५१ देखि १०० किलोवाट क्षमतामा भन्सार र अन्तःशुल्क ५/५ प्रतिशतले बढाएको छ । १०१ देखि २०० किलोवाटसम्म भन्सार यथावत् राखेर अन्तःशुल्क बढाएको हो । त्यसभन्दा माथि २०१ देखि ३०० किलोवाटसम्म भन्सार घटाएर अन्तःशुल्क बढाएको छ । ३०० किलोवाटभन्दा बढी क्षमतामा पनि भन्सार घटाउर अन्तःशुल्क बढाएको हो । कर बढ्नु अगाडि इन्ट्री लेभलका ईभीको आयात उच्च देखिएको पनि कर बढे पनि आयात घटेको हो । असारसम्म भित्रिएका ईभीमध्ये ५० किलोवाटसम्म रेन्जका ४ हजार ५ सय ७१ र ५१ देखि १ सय किलोवाटसम्मको रेन्जका ६ हजार ८ सय ८५ युनिट ईभी भित्रिएका छन् ।

*(स्रोतः अनलाइनखबर)*

## मन्त्री श्रेष्ठको प्रगति

# कृषिमा आधुनिकीकरण र व्यावसायीकरणमा जोड

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका कृषि तथा पशुपंक्षी विकास मन्त्री डा. राजेन्द्रमान श्रेष्ठले आफ्नो १४ महिने कार्यकालको प्रगति विवरण सार्वजनिक गर्नुभएको छ । सोमबार पत्रकार भेटघाटको आयोजना गरेर मन्त्री श्रेष्ठले आफ्नो कार्यअवधिमा भएको प्रगति विवरण सार्वजनिक गर्नुभएको हो ।

मन्त्री श्रेष्ठले २०८० जेठ ७ गतेदेखि हालसम्म भएका मुख्य उपलब्धी र आगामी योजनाबारे जानकारी गराउनुभयो । उहाँले आफ्नो कार्यकालमा नीतिगत सुधार एवम् मन्त्रालयको कार्यसम्पादनमा वृद्धि र सुधार ल्याउने प्रयास गरेको बताउनुभयो । उहाँका अनुसार प्रदेश कृषि विकास सम्बन्धी विधेयक, २०८० बारे प्रदेशसभाको विषयगत् समितिमा छलफलका क्रममा रहेको छ । उक्त ऐन निर्माण भए प्रदेश कृषि विकासमा उल्लेख्य सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

प्रदेशमा माटोको गुणस्तरमा सुधार ल्याउन एवम् रासायनिक मलको समस्या समाधान गर्न 'एक प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र-एक प्रांगारिक मल कारखाना' स्थापना कार्यक्रम शुरु गरिएको उहाँले दावी गर्नुभयो । गत आर्थिक वर्षमा ७ जिल्लाका ७ पालिकामा उक्त कार्यक्रम लागु गरिएको र चालु वर्ष थप ७ कारखाना स्थापना गर्ने योजना रहेको उहाँको भनाई छ । मन्त्री श्रेष्ठले प्रदेशको दोस्रो आवधिक योजना प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत गराउन सफल भएको बताउनुभयो । उक्त योजनामा कृषि क्षेत्रको आधुनिकीकरण र व्यावसायीकरणमा जोड दिइएको छ भने कृषि विकासका माध्यमबाट प्रदेशको समृद्धिमा सघाउ पुग्ने विश्वास लिइएको छ । उहाँले उक्त योजनामा किसान केन्द्रित नीति र कार्यक्रम समावेश गरिएको र यसले दीर्घकालीन रुपमा प्रदेशको कृषि क्षेत्र रुपान्तरण गर्ने आशा व्यक्त गर्नुभयो ।

मन्त्रालय र मातहत कार्यालयहरुको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम सञ्चालनका लागि २१ वटा नयाँ तथा ३ वटा पुराना कार्यविधि संशोधन स्वीकृत गरिएको छ । मन्त्रालय अन्तर्गत ३६ कार्यालय अनुगमन/निरीक्षण गरी आवश्यक सुझाव प्रदान गरिएको र सुशासन तथा कार्यसम्पादनमा सुधार गर्न निर्देशन दिइएको छ । उक्त अवधिमा लम्पीस्किन रोगको प्रकोप नियन्त्रणका अभियान चलाएर ४८ हजार ३६४ गाईमा निःशुल्क खोप लगाइएको थियो भने प्राकृतिक र गैरप्राकृतिक विपद्बाट प्रभावित किसानलाई राहत २ करेड ३० लाख रुपैयाँ प्रदान गरिएको छ । भेंडाबाखामा लाग्ने पीपीआर रोग नियन्त्रणका लागि व्यापक खोप अभियान सञ्चालन गरिएको उल्लेख छ । प्रदेशका ८ जिल्लाका १० स्थानमा शीत भण्डारको निर्माण ८६ प्रतिशत् सम्पन्न भएको भन्दै ती शीत भण्डारले करिब १५ हजार ८०० मेट्रिकटन फलफुल तथा तरकारी भण्डारण गर्नसक्ने क्षमता राख्ने सकिने मन्त्री श्रेष्ठको प्रगति प्रतिवेदनमा उल्लेख छ ।

# सामाजिक विकासमन्त्री मोक्तानको प्रगति विवरण सार्वजनिक

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको सामाजिक विकासमन्त्री कुमारी मोक्तानले आफ्नो कार्यकालमा भएको प्रगति विवरण सार्वजनिक गर्नुभएको छ । मन्त्री मोक्तानले सोमबार आफ्नो कार्यकालमा मन्त्रालयले गरेको कार्य विवरण सार्वजनिक गर्नुभएको हो ।

मोक्तानले २०७९ माघदेखि २०८१ साउन पहिलो सातासम्म दोस्रो कार्यकालको रुपमा सामाजिक विकास मन्त्रालयको नेतृत्व सम्हाल्नुभएको थियो । मन्त्री मोक्तानले प्रदेश विश्वविद्यालय स्थापनाका लागि क्रान्तिकारी निर्णय भएको दावी गर्नुभयो । शिक्षा क्षेत्र सुधारका लागि प्रदेश विश्वविद्यालय स्थापना अपरिहार्य रहेकाले सरकारले प्रादेशिक विश्वविद्यालय स्थापना गर्ने गरी बजेट व्यवस्था गर्दै अघि बढेको उहाँले बताउनुभयो ।

मन्त्रालयले दुई वटा तालिम केन्द्रलाई सिटीईभीटीमा मर्ज गर्दै प्राविधिक शिक्षा स्थापना गर्ने कोसिस गरेको बताउनुभयो । उहाँका अनुसार शिक्षालाई गुणस्तरीय बनाउन आवासीय विद्यालयको आवश्यक रहेको छ । १७ महिनाको कार्यकालमा मन्त्रालयले सामुदायिक क्याम्पसका ६ सय ८३ जना विद्यार्थीलाई शैक्षिक छात्रवृत्ति प्रदान गरेको छ । ४० वटा सामुदायिक क्याम्पसको शौक्षिक गुणस्तर अभिवृद्धि सम्पन्न गरेको छ ।

आफ्नो कार्यकालमा मन्त्रालयले चेपाङ, चिउरी र चमेरो कार्यक्रमलाई प्राथमिकतामा राखेको उहाँका भनाइ छ । प्रदेश सरकारले महिलाहरुलाई आत्मनिर्भर बनाउन ३५ वटा पालिकामा गृहिणी महिला कार्यक्रम सञ्चालन गरेको, ६ हजार जना युवालाई सीपमूलक तालिम दिएको र दक्ष जनशक्ति उत्पादन गर्न महिलाहरुलाई सीप सिकाएको उहाँले प्रगति विवरणमा उल्लेख गर्नुभयो । मन्त्रालयले सिमान्तकृत वर्ग तथा दलित वर्गलाई उद्यमी बनाउन तालिम दिइरहेको उहाँले बताउनुभयो ।

मन्त्रालयबाट शिक्षा नीति २०८० र प्रदेश शिक्षा क्षेत्र योजना (२०८०-२०८७) स्वीकृत भएको छ । प्रदेश उच्च शिक्षा ऐन २०७८, प्रदेश उच्च शिक्षा नियमावली २०७९ संशोधन, उच्च शिक्षाको प्रतिवेदन २०७७ सार्वजनिकीकरण, प्रदेश उच्च शिक्षा परिषद्को सचिवालय स्थापना, उच्च शिक्षाको विज्ञ समूह कार्यदल गठन र प्रतिवेदन स्वीकृत एवम् कार्यान्वयन भएको छ । यस्तै, बागमती प्रदेश विश्वविद्यालय हेटौंडामा स्थापना, बोर्ड अफ ट्रस्टीका अध्यक्ष एवम् सदस्यहरूको मनोनय भई सचिवालय स्थापना गरी कार्य प्रारम्भ भएको छ । बागमती प्रदेश विश्वविद्यालयको विधान २०८१ स्वीकृत, विश्वविद्यालय, मानित विश्वविद्यालय र प्रतिष्ठान स्थापनाका लागि प्रकिया अगाडि बढेको छ ।

मन्त्रालयले २ हजार ८ सय ८७ जना आधारभूत तथा माध्यमिक तहमा कार्यरत शिक्षकहरुका लागि पेसागत विकास तालिम सञ्चालन गरेको छ । ४ सय ३४ जना आधारभूत तथा माध्यमिक तहका प्रधानाध्यापकहरुको क्षमता अभिवृद्धि तालिम सञ्चालनलगायतका प्रगति मन्त्री मोक्तानले उल्लेख गर्नुभएको छ ।




## आवश्यकतासम्बन्धी सूचना

*(प्रकाशित मिति : २०८१/०४/०८)*

उपर्युक्त सम्बन्धमा यस भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) को रिक्त तपशिलमा उल्लेखित पदमा खुल्ला प्रतिष्पर्धाबाट पदपूर्ति गर्नुपर्ने भएकोले हेटौंडा उपमहानगरपालिकाको कार्यालय, हेटौंडा मकवानपुरको अनुमतिअनुसार सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र ईच्छुक योग्य नेपाली नागरिकबाट दरखास्त आव्हान गरिएको छ ।

**तपशिल**

**विज्ञापन नं. ०१/२०८१/०८२**

तह/श्रेणीः मावि, द्वितीय
पदः जीवविज्ञान विषय (Biology) शिक्षक, करार
संख्याः १ जना
न्यूनतम शैक्षिक योग्यताः मान्यताप्राप्त शैक्षिक संस्थाबाट M.Sc in Zoology or Botany विषयमा स्नातकोत्तर तह उत्तीर्ण भएको ।
परीक्षाको किसिम : लिखित, मौखिक र कक्षा अवलोकन ।
परीक्षा दस्तुर : रु १,५००/-
दरखास्त आइपुग्नुपर्ने अन्तिम मिति : २०८१ श्रावण २२ गते
सम्पर्क मिति : २०८१ श्रावण २३ गते
तलब सुविधा : नेपाल सरकारले तोके अनुसार
उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको नेपाली नागरिक ।
परीक्षा मिति : सम्पर्क मितिको दिन तय गरिने छ ।
आवश्यक कागजातहरु : हस्तलिखित निवेदन, नेपाली नागरिकताको फोटोकपी, सम्पूर्ण तहको शैक्षिक योग्यताको प्रमाणपत्रको फोटोकपी, स्थायी अध्यापन अनुमतिपत्र नोटरी पब्लिक गरेको हुनुपर्ने ।

**थप जानकारीका लागि**

**भुटनदेवी मावि (प्राविधिक शिक्षालय)**

**हेटौंडा-४, मकवानपुर**

**सम्पर्क नं. ०५७-५२०४२०**

**(माधव प्रसाद दाहाल)**

**प्रधानाध्यापक**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ